annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १५३, पृष्ठ ८ | काठमाडौं, सोमबार २० असोज २०८२ | आश्विन शुक्लपक्ष पूर्णिमा, नेपाल संवत् ११४२ | MONDAY, OCTOBER 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# देशैभर बाढी–पहिरो, इलाममा ३७ को मृत्यु



इलाम नगरपालिका–६ मा गएको पहिरोमा फसेकाहरूको उद्धार गर्दै सुरक्षाकर्मीहरू ।
● तस्बिर : सौजन्य जिल्ला प्रहरी कार्यालय इलाम

बाढी–पहिरोसम्बन्धी थप समाचार पृष्ठ २,३ र ६

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

दसैंमा सक्रिय भएको मनसुन र पश्चिमी वायुको प्रभावले देशभरका विभिन्न ठाउँमा भारी वर्षा भएको छ। बाढी-पहिरोमा परी देशभर कम्तीमा ५२ जनाको मृत्यु भएको छ भने इलाममा मात्र आइतबार साँझसम्म ३७ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामका डीएसपी लक्ष्मी भण्डारीले जानकारी दिएका छन्। उनका अनुसार १ जना बेपत्ता छन्।

इलामका विभिन्न स्थानमा गएको पहिरो र बाढीका कारण मृत्यु हुनेको संख्या लगातार बढ्दै गएको छ। बाढी-पहिरोमा परी २० जना घाइते भएको डीएसपी भण्डारीले बताए। उनले घटनास्थल बिकट र प्रहरी पुग्न नसकेका कारण यकिन विवरण प्राप्त गर्न नसकिएको बताए।

इलामको माईजोगमाईमा ८ जना, देउमाई गाउँपालिकामा ८ जना, इलाम नगरपालिकामा ६ जना, सन्दकपुरमा ६ जना, माङसेवुङ गाउँपालिकामा ३ जना, सूर्योदयमा ५ जना, फाकफोकथुममा १ जनाको मृत्यु भएको डीएसपी भण्डारीले जानकारी दिए। मृतकहरू पाँचथर र दोलखा जिल्लाका विभिन्न भागबाट दसैंमा इलामामा पाहुना लाग्न आएका नागरिकलेसमेत ज्यान गुमाएका छन्। मृतकको पहिचान खुल्ने क्रम जारी रहे पनि अहिलेसम्म ३७ जनाको मृत्यु र एकजना नागरिक बेपत्ता भएको जिल्ला प्रशासन कार्यालय इलामले नामावली सार्वजनिक गरेको छ।

» बाँकी पृष्ठ २

## झापामा अहिलेसम्मकै ठूलो बाढी, ३५ सय परिवार विस्थापित



**पार्थ मण्डल** | *झापा*

अविरल वर्षापछि आएको बाढीले झापामा यस वर्ष बितन्डा मच्चाएको छ। जिल्लाका ठूला नदीहरूमा २०७४ सालभन्दा पनि ठूलो बाढी आउँदा यस वर्ष करिब ३५ सय घरधुरीका १२ हजारभन्दा बढी मानिस विस्थापित भएका छन्।

शनिबार र आइतबार इलाम र झापामा १५० मिलिमिटरभन्दा बढी पानी पर्दा कनकाई माई र मेची नदीले खतराको लेभल नै पार गरेको थियो। जल तथा मौसम विज्ञान विभागका अनुसार कनकाईको जलस्तर ५.६१ मिटर पुगेको थियो। कनकाईको सचेतना स्तर ३.८ मिटर र खतरा स्तर ४.३ मिटर हो।

कनकाईको जलस्तर २०७४ सालमा ५.४ मिटर पुगेकोमा यस वर्ष त्यसलाई समेत नाघ्दा क्षति धेरै भएको नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले जानकारी दिए।

त्यस्तै, मेची नदीको जलस्तर ११४.८४ मिटर पुगेको थियो। मेचीको सचेतना ११३.८ मिटर र खतरा स्तर ११४.३ मिटर हो। ०७४ सालभन्दा पनि भयावहको अवस्था देखियो, सभापति ढकालले भने, 'झापा गाउँपालिका र गौरीगञ्ज गाउँपालिकाका मानिस सबैभन्दा बढी विस्थापित भएका छन्।'

कनकाई माई नदीमा आएको बाढी तटीय क्षेत्रका बस्तीहरू छिर्दा त्यहाँका सयौं घर डुबान परेको छ। झापा गाउँपालिका १, २ र ७ वडाका मात्रै करिब १५ सय घरका ६ हजारभन्दा बढी मानिस विस्थापित भएका छन्। उनीहरूलाई सुरक्षित स्थानमा सारिएको छ।

झापा १ मिलन बस्तीका ८० घरका २ सय मानिसलाई नेपाली सेनाको हेलिकप्टर र चारवटा बोटले उद्धार गरी सुरक्षित स्थानमा सारिएको उनले बताए। 'झापा गाउँपालिकामा जता त्यतै पानी नै पानी छ, घरहरू डुबानमा परेको छ, यहाँ ठूलै भौतिक क्षति भएको छ,' उनले थपे।

» बाँकी पृष्ठ ६

## पानीको बहाव बढेपछि सप्तकोशी ब्यारेजमा खतरा, खोलिए सबै ढोका

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

तीन दिनदेखिको वर्षापछि सप्तकोशी नदीमा पानीको बहाव हालसम्मकै उच्च स्तरमा पुगेको छ। सप्तकोशी ब्यारेजमा पानीको बहाव प्रतिसेकेन्ड ५ लाख ३० हजार ५ सय ४० क्युसेक पुगेको सुनसरीका प्रहरी प्रमुख एसपी केशवकुमार थेबेले बताएका छन्।

आइतबार बिहानैदेखि सप्तकोशीमा पानीको बहाब निरन्तर बढिरहेको छ। बढ्दो जलसतहका कारण ब्यारेजका सबै ५६ ढोका खोलिएको र सुरक्षामा समेत सर्तकता अपनाइएको एसपी थेबेले जनाए। उनका अनुसार सर्वसाधारणको सुरक्षाका लागि ब्यारेजमा सवारीसाधन सञ्चालनमा पूर्ण रोक लगाइएको छ। सप्तकोशी नदीका सहायक नदीमा निरन्तर बाढी आएका कारण सप्तकोशी ब्यारेज र आसपासका क्षेत्रमा जोखिम कायमै रहेको छ। बराहक्षेत्र नगरपालिकाको श्रीलंका टापुमा जमिन कटान सुरु भएको छ।

श्रीलंका टापुका स्थानीय सन्तोष चन्द्रबंशीले सरकारले टापुका जनताको सुरक्षामा चासो नदेखाएको करण सधैं त्रासमा बस्न बाध्य पारिएको बताए। उनले सप्तकोशीको पश्चिपतर्फ तटबन्ध निर्माण गरी श्रीलंका टापुका बासिन्दाको सुरक्षा गर्न सरकारसँग माग गरेका छन्। श्रीलंका टापुसहित कोशी आसपासका बासिन्दाको सुरक्षाका लागि नेपाली सेना, सशस्त्र र प्रहरीको तालिम प्राप्त उद्धार टोली तयारी अबस्थामा राखिएको प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जानकारी दिए।



सप्तकोशी नदीमा निर्माण गरिएको ऐतिहासिक कोशी ब्यारेजको निर्धारित आयु ५० वर्ष थियो। कोशी ब्यारेजको म्याद सकिएको १५ वर्ष बितिसक्दा पनि पुन:निर्माण सुरु भएको छैन। नेपाल-भारत सरकारबीच २०११ सालमा भएको द्विपक्षीय कोशी सम्झौताअनुसार सन् १९५९ मा निर्माण थालिएको ब्यारेज २०२२ साल वैशाख १२ गते उद्‌घाटन गरिएको थियो।

यो संरचना ६६ वर्ष पुरानो भइसकेको छ। जीर्ण अवस्था, पुरानो प्रविधि र नियमित मर्मत अभावका कारण संरचना अत्यधिक हल्लिने र सुरक्षाको दृष्टिले असुरक्षित बनेको जिल्ला समन्वय समिति सुनसरीका सभापति राजन मेहताले बताए।

कोशी सम्झौताअनुसार ब्यारेजको प्रमुख सञ्चालन अधिकार भारतको अधीनमा छ। तर नेपालका तटबन्ध र तटीय बस्तीहरूमा बारम्बार विनाश ल्याउँदा पनि भारतले पुन:निर्माण वा आधुनिक मर्मतमा चासो नदेखाएको स्थानीय बासिन्दाको गुनासो छ। कोशी पीडित संघर्ष समितिका सचिव बाबुराम कार्कीले भारत सरकारले कोशी सम्झौताअनुसारको काम नगर्दा हजारौं सर्वसाधारणले घर खेत गुमाउनु परेको बताए।

» बाँकी पृष्ठ ६

## कौडेनाको शिवनगर टोल टापुमा परिणत



**सुनील ठाकुर** | *मलंगवा*

लखनदेही खोलाको पानी चारैतिरबाट गाउँमा पसेपछि कौडेना गाउँपालिका-७ शिवनगर गाउँ टापुमा परिणत भएको छ।

दुई दिनदेखि परेको अविरल वर्षाका कारण लखनदेही खोलामा आएको बाढीको भेल गाउँमा पसेपछि स्थानीयवासीको बिच्चली भएको छ। बाढीका कारण अरू गाउँसँगको सम्पर्क पनि टुटेको स्थानीयले बताएका छन्। गाउँमा बाहिरबाट आउने र जाने अवस्थासमेत नरहेको स्थानीयवासीको कथन रहेको छ। विद्युत् आपूर्ति नहुँदा सञ्चार सम्पर्कसमेत अवरुद्ध बनेको छ। सडक सञ्जालहरूसमेत बाढीले बगाएको छ।

» बाँकी पृष्ठ ६

## बीपी राजमार्ग फेरि ध्वस्त, मध्यपहाडी पनि अवरुद्ध

**राजन गाउँले** | *सिन्धुली*

दुई दिनदेखि परेको अविरल वर्षाका कारण बनेपा-सिन्धुली-बर्दिबास (बीपी) राजमार्ग पुनः ध्वस्त भएको छ। जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख लालध्वज सुवेदीका अनुसार बीपी राजमार्गअन्तर्गत नेपालथोक-भकुण्डेबेंसी खण्ड पूर्णरूपमा ठप्प छ। त्यस खण्डअन्तर्गत पर्ने विभिन्न एक दर्जन बढी स्थानमा रोशीमा आएको बाढीका कारण सडक बगाउँदा क्षतविक्षत भएको छ।

गत वर्षको असोज ११ र १२ गते आएको बाढीले बगाउँदा क्षति भएको सडकमा अस्थायी ट्र्याक निर्माण गरेर यातायातका साधन सञ्चालन गरिँदै आएको थियो। तर, दुई दिनदेखि परेको वर्षासँगै आएको रोशी खोलामा आएको बाढीले अस्थायी ट्र्याक पुनः पूर्णरूपमा बगाएको प्रहरी प्रमुख सुवेदीले जानकारी दिए।

सुवेदीका अनुसार बीपी राजमार्गअन्तर्गत सिन्धुलीको सुनकोशी १ गजुली दहमा सडकको माथीबाट ढुंगा, माटोसहितको पहिरोले सडक अबरुद्ध भएको छ। यस्तै सुनकोशी १ कै



नेपालथोक, घ्याम्पे खोलामा रोशीको बाढीले आइतबार २ सय ५० मिटर बढी सडक बगाएको छ। राजमार्गको खुर्कोट-नेपालथोक खण्डअन्तर्गत सुनकोशी गाउँपालिका-६ कानढुङ्ग्रेमा राजमार्गमा माथिबाट ढुंगासहितको पहिरो खसेर शनिबारदेखि नै राजमार्ग अबरुद्ध छ। बीपी राजमार्गको नेपालथोक-भकुण्डेबेंसी खण्डमा गत वर्षको बाढीले क्षति पुऱ्याएको अधिकांश स्थामा पुन: क्षति पुगेको छ।

त्यस खण्डमा फसेका सवारी साधनहरूलाई सुरक्षित स्थानमा पुऱ्याउन प्रहरी, सशस्त्र प्रहरी, स्थानीय जनप्रतिनिधि र स्थानीयहरू लागि परेका छन्। राजमार्गको पहिरो र लेदो हटाएर राजमार्गमा फसेका सवारी साधन र यात्रुहरूलाई सुरक्षित स्थानमा पुऱ्याउन शनिबारबाटै पहल भइरहेको निवर्तमान सांसद राजन दाहालको भनाइ छ।

यस वर्षको बाढीले पनि गत वर्षको जत्तिकै बीपी राजमार्गमा क्षति पुऱ्याएको उल्लेख गर्दै उक्त राजमार्ग सञ्चालनमा ल्याउन कम्तीमा पनि एक साता लाग्ने दाहालले बताए।

वर्षात् कम नभएका कारण अबरुद्ध राजमार्गको पहिरो पन्छाउन समस्या भएको बताइएको छ। कमलामाई नगरपालिका-८ हर्दियामा खोला र पहिरोको कारण बीपी राजमार्गकै सिन्धुली-भिमान खण्डसमेत आइतबार बिहानैदेखि अबरुद्ध छ। उक्त स्थानमा सडक सुचारु गर्न स्थानीयको सहयोगमा ३ वटा जेसीबी प्रयोग गरेर अवरोध पन्छाउने कार्य भइरहेको प्रहरीले जनाएको छ।

यस्तै, लगातारको वर्षाका कारण मध्यपहाडी लोकमार्गअन्तर्गत र मदन भण्डारी लोकमार्गसमेत अबरुद्ध छन्। मध्यपहाडी लोकमार्गअर्न्तगत फिक्कल गाउँपालिका-६ नागस्थानमा ढुंगा, माटो र लेदोसहितको पहिरोले शनिबारदेखि नै राजमार्ग अबरुद्ध भएको छ। यस्तै उक्त राजमार्गअन्तर्गत गोलन्जोर गाउँपालिका ६ अक्करे भीरमा पनि ढुंगा, माटो र लेदोसहितको पहिरो आएर सडक अबरुद्ध भएको छ। ती दुवै स्थानमा मेसिन प्रयोग गरेर पहिरो पन्छाउने काम थालिएको छ। मदन भण्डारी लोकमार्गअन्तर्गत सिन्धुली-हेडौंडा पश्चिमखण्ड अवरुद्ध भएको छ।

सिन्धुलीको मरिन गाउँपालिका-२ सिन्दुरे दोभानमा पहिरो गई सडक अवरोध भएको र इलाका प्रहरी कार्यालय कपिलाकोटको समन्वयमा अवरोध पन्छाउने काम सुरु गरिएको छ।